# सवारी साधन बिक्री सम्बन्धी सूचना

(सूचना प्रकाशित मिति: २०८१/१०/११)

यस कम्पनीको नाममा दर्ता कायम रहेको तल उल्लेखित सवारी साधनहरु जहा जे जस्तो अवस्थामा छ सोही अवस्थामा शिलबन्दी बोलपत्र मार्फत बिक्री गरिने भएको हुँदा ईच्छुक व्यक्ति, संघ सस्था वा फर्महरुले तल उल्लेखित शर्त बन्देजहरुको अधिनमा रही यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र शिलबन्दी दरभाउपत्र पेश गर्नुहुन आव्हान गरिन्छ ।

| सवारी साधन नं. | मोडल | बनेको साल | दर्ता मिति |
|---|---|---|---|
| बा.९३ प ५९७३ | डियो स्कुटर | २०१८ | २०७४.११.१५ |
| ना. ५८ प ७७२८ | सिबि साईन १२५ | २०१८ | २०७५.०५.०३ |
| ना.४७ प १९०९ | हिरो एचिभर | २०१७ | २०७४.०१.१७ |
| बा.२६ प. १७३० | हिरो स्प्लेन्डर | २००६ | २०६४.०४.१८ |
| बा.७६ प ३२११ | होन्डा साईन | २०१६ | २०७३.०३.१४ |
| बा.६० प ३१७९ | पल्सार २२० | २०१३ | २०७०.०८.१४ |
| ०४३ प ९१८७ | टिभिएस एनटर्क | २०२३ | २०८०.०२.०९ |
| बा.प्र.०२ ०४१प ००८६ | पल्सर २२० | २०२२ | २०७९.०७.०४ |

**शर्त बन्देजहरुः**

१. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र कम्पनीको केन्द्रिय कार्यालय बबरमहल, काठमाडौं मा अवस्थित सामान्य सेवा विभागमा कार्यालय समय भित्र बुझाउन सकिनेछ ।

२. बोलपत्र फारम प्रति बोलपत्र रु.१,०००।- बुझाई (फिर्ता नहुनेगरी), कम्पनीको सामान्य सेवा विभागबाट प्राप्त गर्न सकिनेछ ।

३. बोलपत्र पेश गर्दा कुनै वा सबै सवारी साधनको लागि पेश गर्न सकिनेछ ।

४. बोलपत्रसाथ आफूले कबोल गरेको रकमको १०% बराबरको रकम धरौटी वापत यस कम्पनिको लक्ष्मी सन्राइज बैंकमा रहेको खाता नम्बर ००५१११५५२०४ मा जम्मा गरेको सक्कल भौचर समावेश गर्नुपर्नेछ ।

५. प्राप्त हुन आएका बोलपत्रहरु सूचना प्रकाशित भएको मितिले १६औं दिनमा वा उक्त दिन सार्वजनिक विदा परेमा त्यसपछिको लगत्तै कार्यालय खुलेको दिनमा अपरान्ह ३:०० बजे यस कम्पनीको केन्द्रिय कार्यालयमा खोलिनेछ ।

६. कारण खुलाई वा नखुलाई प्राप्त कुनै वा सबै बोलपत्र रद्ध गर्ने वा स्वीकार गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कम्पनीमा सुरक्षित रहनेछ ।

७. बोलपत्र स्वीकृत भएमा बोलपत्रदाताले स्वीकृतिको सूचना पाएको मितिले ७ (सात) दिनभित्र कबुल गरेको बाँकी सम्पूर्ण रकम यस कम्पनिको लक्ष्मि सनराईज बैंकमा रहेको खाता नम्बर ००५१११५५२०४ मा जम्मा गरेको सक्कल भौचर बुझाउनुपर्नेछ । अन्यथा धरौटी वापत जम्मा भएको रकम जफत हुनेछ ।

८. इच्छुक खरिदकर्ताले खरिद गर्न चाहेको सवारी साधन जँहा जे जस्तो अवस्थामा छ सोहि अवस्थामा खरिद गर्नु पर्नेछ । उक्त सवारी साधनको स्थलगत निरिक्षण गर्न चाहने महानुभावहरुले यस कम्पनीको केन्दिय कार्यालय बबरमहल स्थित सामान्य सेवा विभागमा सम्पर्क गर्न सक्नु हुनेछ ।

९. स्वीकृत बोलपत्र अनुसार खरिदकर्ताले आफ्नो नाममा नामसारी गर्दा लाग्ने नामसारी दस्तुर, मूल्य अभिबृद्धी कर एवं तिर्न बुझाउनुपर्ने कर बक्यौता केही रहेमा उक्त कर वक्यौता तिर्ने जिम्मेवारी समेत खरिदकर्ताको रहनेछ । साथै स्वीकृत बोलपत्र अनुसार कबोल रकम जम्मा गरेको १५ (पन्ध्र) दिन भित्र सवारी साधन नामसारी गरिसक्नुपर्नेछ ।

१०. म्याद नाघि वा रित नपुगी आएको तथा शर्तसहितको बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।

११. बोलपत्र फारममा सवारी साधन खरिद गर्न चाहेको मुल्य अंक र अक्षरमा स्पष्ट रुपमा लेखिएको हुनुपर्नेछ । फरक परेमा अक्षरलाई मान्यता दिईनेछ ।

१२. बोलपत्र सम्बन्धि अन्य व्यवस्था कम्पनीले उपलब्ध गराएको बोलपत्र फारममा उल्लेख भए अनुसार हुनेछ ।

**हिमालयन एभरेष्ट**
इन्स्योरेन्स लिमिटेड

**केन्द्रीय कार्यालयः**
**वडा नं. ११, बबरमहल, काठमाण्डौ, पो.ब.नं. १४८**
**फोन नं. ०१-५९७०७७९, ५२४५०९०**

(साविक हिमालयन जनरल ईन्स्योरेन्स कम्पनी लि. र एभरेष्ट इन्स्योरेन्स कम्पनी लि. एक आपसमा गाभिएर बनेको संस्था)

**मिति २०८१/१०/११ गतेको आर्थिक राष्ट्रिय दैनिकमा प्रकाशित**